**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 5, Volume 5, Issue 1, Dec. 2023
Solukhumbu Multiple Campus Research Development and Management Committee

# बहुभाषिक विद्यार्थीहरूको नेपाली सिकाइ अनुभव

**हेरम्बराज बास्तोला**

*Article History : Submitted 16 Sept. 2023; Reviewed 13 Oct. 2023; Accepted 15 Dec. 2023*
*Author : Heramba Raj Bastola Email: herambarajb@gmail.com*

**लेख सार**

*मैले यस लेखका लागि ग्राम्सीको सांस्कृतिक आधिपत्यवादको सिद्धान्तलाई अध्ययनको प्रमुख आधार मानेको छु । नेपाली भाषा सिकाइका सिलसिलामा बहुभाषिक (फरक मातृभाषिक पृष्ठभूमिका) विद्यार्थीले आफ्नो भाषिक पृष्ठभूमिका कारण विद्यालयमा भोग्नुपरेका अनुभव पहिल्याउने उद्देश्य राखेको छु । निर्दिष्ट उद्देश्य प्राप्तिका निम्ति चार भाषिक पृष्ठभूमिका सात जना विद्यार्थीहरूको समूहलाई इथ्निक समूह मानी इथ्नोग्राफिक विधिबाट अध्ययन गर्न असंरचित प्रश्नका आधारमा विद्यार्थी केन्द्रित अन्तर्वार्ता गरेको छु र उनीहरूका भनाइको विश्लेषण गरी निष्कर्षमा पुगेको छु । विचार तथा भावनाको सम्प्रेषण गर्न मातृभाषा नै सहज हुने तर सबै मानिसका अगाडि मातृभाषामा खुल्न असहज महसुस हुने, विद्यालय र अन्तरभाषिक पृष्ठभूमिका सहपाठीहरू बीच अन्तर्क्रिया गर्न भने नेपाली भाषा सहज हुने तर विद्यालयको भाषिक वातावरणले नेपाली बोल्ने वातावरण समेतलाई बाधा गरेको अनुभव विद्यार्थीमा रहेको निष्कर्षमा पुगेको छु। आफ्नो मातृभाषाको प्रयोग गर्न नेपाली भाषाको प्राधान्यका कारण र नेपाली भाषा प्रयोग गर्न चाहिँ विद्यालयले प्राथमिकता प्रदान गरेको अंग्रेजी भाषाको प्राधान्यका कारण असहज भएको विद्यार्थीको अनुभव रहेको तथ्य पहिल्याई नेपाली भाषा शिक्षणका सिलसिलामा बहुभाषिक विद्यार्थीको समाज मनोवैज्ञानिक पक्षको समेत ख्याल गरिनु पर्ने सुझावात्मक निष्कर्ष प्रस्तुत गरेको छु।*

**मुख्य शब्दहरू** : बहुभाषी विद्यार्थी , मातृभाषिक पृष्ठभूमि , प्राधान्यवाद , अनुभव।

## विषयप्रवेश

भाषाशिक्षण सिकाइ सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीप आर्जनको महत्त्वपूर्ण प्रक्रिया हो। सिकारुलाई भाषा प्रयोगमा सक्षम तुल्याउन बढीभन्दा बढी अभ्यास र पुनरावृत्तिमा जोड दिनु आवश्यक हुन्छ।

नेपाली भाषा सबै नेपालीको साझा सम्पर्कको भाषा हो। नेपालमा सरकारी कामकाजको भाषा र सामुदायिक शिक्षाको माध्यम भाषा हुनुका नाताले भाषिक सिपका लागि विद्यालय तहमा नेपाली भाषा शिक्षण हुने गरेको छ। हाम्रा विद्यालयहरूमा बिभिन्न मातृभाषिक पृष्ठभूमिबाट आएका सिकारुहरू एकै कक्षामा हुन्छन्। उनीहरूको मातृभाषिक पृष्ठभूमिका कारण नेपाली सिकाइमा अलगअलग किसिमका प्रभाव पर्ने गरेको पाइन्छ। फरकफरक भाषिक पृष्ठभूमिका विद्यार्थीहरूको नेपाली भाषा सिकाइलाई कसरी प्रभावकारी बनाउन बनाउन सकिन्छ भन्ने उपायको खोजी गर्नु अपरिहार्य देखिन्छ। सोही कार्यमा टेवा पुगोस् भन्ने हेतुले मैले यहाँ बहुभाषिक विद्यार्थीहरूको नेपाली सिकाइको अध्ययन गरेको छु। प्रस्तुत लेख बहुभाषिक विद्यार्थीहरूले नेपाली भाषा सिकाइका क्रममा फरक मातृभाषिक पृष्ठभूमिका कारणले भोग्नु परेका अनुभव कस्ता छन् र फरक मातृभाषिक पृष्ठभूमिका विद्यार्थीहरूप्रति नेपाली भाषा शिक्षकको ब्यवहार र दृष्टिकोण कस्तो छ भन्ने समस्यामा केन्द्रित छ।


यस लेखको तयारीका क्रममा सैद्धान्तिक अवधारणा निर्माणका लागि पुस्तकीय अध्ययन कार्य गरिएको छ। गुणात्मक अनुसन्धान भएकाले इथ्नोग्राफिक विधिलाई अवलम्बन गरी तथ्याङ्क सङ्कलन गरिएको हो। यसमा विशेषतः निर्दिष्ट सहभागी समूहसँग निकटतम सम्बन्ध कायम गरी विश्वासपूर्ण तवरले तथ्य लिइएको छ। काठमाडौँको एक निजी विद्यालयका नेवारी, मैथली, तामाङ भाषाका दुईदुई जना र डोट्याली एक गरी चार अलगअलग मातृभाषिक पृष्ठभूमिका जम्मा सात जनाको इथ्निक समूह निर्माण गरी अन्तर्वार्ता लिइएको हो। इथ्निक समूह निर्माण गर्नुअघि तीन दिनसम्म सहभागी विद्यार्थीहरूका कक्षामा नेपाली शिक्षण गरी निकटता कायम गरिएको थियो र निर्दिष्ट उद्देश्यमा केन्द्रित रहेर अन्तर्वार्ता लिई आवाज अभिलेख गरी अभिलिखित आवाजलाई लिपिबद्ध गरी पुनः सहभागी बीच छलफल गरी परिमार्जनसहित अन्तिम रूप दिने कार्य गरिएको हो।

### सैद्धान्तिक अवधारणत्मक प्रारूप

प्रस्तुत अध्ययनमा निर्दिष्ट समस्या र त्यसमा आधारित उद्देश्य हासिल गर्न, नमूनामा छनोट भएका सिकारुको सामाजिक, सांस्कृतिक, भाषिक वातावरण, विद्यालय घर परिवार अभिभावक तथा शिक्षकसँगको अन्तरसम्बन्ध र व्यवहारका आधारमा हेरिनु पर्ने देखिन्छ। इटालियन विद्वान एन्टोनियो ग्राम्सीको हेजेमोनी/प्राधान्यवादी सिद्धान्तका आधारमा प्रस्तुत अध्ययन अघि बढाएको छु। यस सिद्धान्तले भन्छ : पुँजीवादी समाजले यस्तो सँस्कृतिको निर्माण गर्छ जुन चाहिँ अन्य समाज माथि प्रभाव वा आधिपत्य कायम गर्ने हतियार बन्छ। भट्टराई(२०६९) का अनुसार केवल आर्थिक पक्ष अघि सारेर मजदुर वर्ग नियन्त्रित हुने छैन, वास्तवमा मार्क्सवादी सिद्धान्तले साँस्कृतिक आधिपत्यद्वारा राज्यलाई नियन्त्रण गर्ने सिद्धान्तलाई मान्दथ्यो जुन मूलत : आर्थिक वर्गमा आधारित हुन्छ, तर ग्राम्सीले भने साँस्कृतिक आधिपत्यमा सामाजिक पक्षलाई जोड दिए। ( पृ. ६६) ग्राम्सीका अनुसार : हेजेमोनी ( प्रभुत्व )एक सांस्कृतिक मूल्यका रूपमा क्रियाशील हुन्छ। जसले सामान्य मानिसलाई सत्ता र सत्तारुढ वर्ग तथा उनीहरूका क्रियाकलापलाई बैध मान्ने र सहनु पर्ने स्थितिमा पुर्‍याउछ। सत्ताले गर्ने प्रत्यक्ष नियन्त्रण र दमनभन्दा यो कैयौँ गुणा प्रभावशाली हुन्छ। हेजेमोनी मूलतः सत्तानिर्मित सांस्कृतिक संस्थाहरू र तिनका सम्पोषक वर्गहरूबाट प्राप्त हुन्छ ( गिरी पृ : २८३ )। यसरी हेर्दा शासित पक्षले महसुस नगर्दै नजानिदो किसिमले शक्ति पक्षले आफ्नो अभिमत लादिरहेको हुन्छ।

ग्राम्सीको कल्चरल हेजेमोनी (साँस्कृतिक प्राधान्यवाद) सँगै भाषा पनि जोडिएर आउछ । भाषिक अल्पसङ्ख्यकले राज्य प्रोत्साहित भाषाको हेजेमोनीबाट कस्तो अनुभूति सँगालेका होलान् भन्ने पक्ष खोतल्नु नै यस अध्ययनको उद्देश्य रहेकाले मूलत : ग्राम्सीको कल्चरल हेजेमोनीको सिद्धान्तलाई आधार बनाएर यस अध्ययनलाई अघि बढाइनु उपयुक्त ठानिएको हो ।

उपरोक्त सिद्धान्तहरूलाई आधार मानी निम्न प्रारूपमा अनुसन्धान कार्य अघि बढाइएको छ ।




**भाषिक प्राधान्य/हेजेमोनी :**

सहज सञ्चार गर्ने कार्यमा विद्यार्थीहरूले विद्यालयको भाषिक वातावरणबाट असहज अनुभव गरेका रहेछन् । उनीहरूका मातृभाषामाथि नेपाली भाषाको जस्तो आधिपत्य (हेजेमोनी) छ, विद्यालयमा अन्तर्भाषिक पृष्ठभूमिका वक्ताहरू बीच सम्पर्कको साझा नेपाली भाषामाथि अँग्रेजी भाषाको प्राधान्य वा हेजेमोनी पनि कायम रहेछ ।

विहान १०स्०५ मा म पुग्दा विद्यालयको प्रार्थना सभा समापन भई विद्यार्थीहरू आ–आफ्ना कक्षा कोठामा गईसकेका थिए । कक्षा शिक्षकहरू हाजिरी पुस्तिका बोकेर कक्षामा प्रवेश गर्ने तरखर गर्दै थिए । मैले प्रधानाध्यापक समक्ष आफ्नो कार्य प्रयोजन बताएपछि विभिन्न भाषिक पृष्ठभूमिका सातजना विद्यार्थीहरू उपलब्ध भए । सातमध्ये एकजना डोटेली, दुई जना नेवारी, दुई जना मैथिली र दुईजना तमाङ मातृभाषिक पृष्ठभूमिका थिए।

मैले त्यस विद्यालयमा केही समय अध्यापन गरिसकेको हुनाले विद्यालयको वातावरण शिक्षक तथा सहभागी विद्यार्थी बीच प्रस्तुत हुन मलाई कुनै किसिमको कठिनाइ थिएन। तर सहभागी विद्यार्थीहरूका निम्ति भने म नयाँ मान्छे थिएँ तसर्थ उनीहरूलाई सहज रूपमा समायोजन हुने वातावरण निर्माणका लागि केही सहज र अनौपचारिक तर सामुहिक प्रश्नहरू सोधेर कुराकानी सुरु गरेँ। मैले उनीहरूलाई सहज बनाउन भनेँस् **म प्रश्न गर्छु तिमीहरू मलाई जवाफ देउ ल** , नेवारी भाषी एक सहभागीले अङ्ग्रेजी मिसिएको भाषामा सोधे **आ–आफ्नै ल्याङ्वेजमा कि नेपालीमा** ? मैले जवाफमा भनेँ **नेपालीमै भन तिमीहरूको भाषा त म बुभ्क्दिन नि त**। सहभागीको सामुहिक हाँसो पछि म प्रश्नतिर अधि बढेँ। **घरमा कोको हुनुहुन्छ** ? भन्ने मेरो प्रश्नको उत्तरमा डोट्याली भाषीले, **बाबा, ममी, हजुरबा, हजुरआमा, दाइ हुनुहन्छ** भने । नेवारी भाषी एक सहभागीले **ममी, ड्याडी, म र मेरी बहिनी छौँ** भने । अर्का नेवारी मातृभाषीले हाँस्दै भने **ममी, ड्याडी, ड्याडीको ममी र ड्याडीका भाइहरू सबैजना**। तमाङ मातृभाषी भन्छिन् **ममी (....), ममीको ममी (....) अनी ममीको बहिनी**।

विहान कतिवजे उठ्छौ भन्ने मेरो प्रश्नको उत्तरमा डोट्याली भाषी चारवजे उठ्ने कुरा बताउछन्। एकजना मैथिली भाषी भन्छन्, **म सिक्स थर्टीमा उठ्छु**। अर्का मैथिली भाषी भन्छन् **म पाँच बजे**, एक तामाङ भाषी भन्छिन् **म त आठवजे**। उनको जवाफले सवै हाँस्छन्।

म त्यसपछि घरमा आज दिनभरि यो यो काम गर्ने है भनेर अह्राउने मूल मान्छे को हुनुहुन्छ भन्ने प्रश्न गर्छु, तामाङ भाषी एक सहभागी भन्छिन् **ममीको बहिनी** । डोटेली भन्छन् **दाइले गर्नुहुन्छ** । नेवारी भाषी भन्छन् **बाबाको ममीले**। एक मैथिली भाषी भन्छिन् **हजुरआमाले**। अर्का मैथिली भाषी भन्छन् **मेरो त अङ्कलले**। म अर्को प्रश्नमा प्रवेश गर्छु मेरो प्रश्न छ स् **मनमा लागेका कुरा घरमा पहिला कसलाई भन्छौ त** ? मैथिली भाषी भन्छिन् **'ममीलाई'** यस कुरामा सबैले एक साथ हो भनेर सहमति जनाउछन्।

मनमा लागेको कुरा आमासँग भन्नुपर्दा कुन भाषामा भन्छौ भन्ने मेरो प्रश्नमा तामाङ भाषी एक जना भन्छन् **नेपालीमै**। फेरि म सोध्छु **कस्तो बेलामा तामाङ भाषा वोल्छौ त** ? उनी भन्छन् : **अरु मान्छे पनि छन् भने अरुले नबुभ्कुन् भनेर तामाङ भाषा बोल्छौँ। घरमा पूरै मातृ भाषामै बोल्छौ** ? भन्ने मेरो प्रश्नमा मैथिली भाषी अघि सरेर बोल्छन् : **मिक्स् नै बोल्छौँ नेपाली र मैथिली ।** उनैतिर फर्केर म पुनः अर्को प्रश्न गर्छु : कस्तो मान्छेसित नेपाली र कस्तो अवस्थामा मैथिली भाषा बोल्छौ त ? मेरो यस प्रश्नको जवाफमा उनी फेरि भन्छन् : **ममी र आन्टीसँग मैथिलीमा, दाइ अङ्कलहरूसँग नेपालीमा** । उनी अभ्क अगाडि थप्छन् : **घरमा प्राय : मैथिलीमा बोलिन्छ। हाम्रो भाषामा ड्याडीलाई तपाईँ भन्न अलि अप्ठ्यारो लाग्छ क्या**। यसै क्रममा उनी भन्छन् : **घरमा भन्दा बाहिर आफ्नो भाषा बोल्न अलि अड लाग्छ। घरमै पनि बाहिरको पाहुना आएको बेला नेपालीमै बोलिन्छ**। यहाँ आफ्नो मातृभाषा अरुले सुन्नेगरी बोल्न अड (असहज) लाग्छ भन्नुले मातृभाषा माथि अर्को भाषाको आधिपत्य (हेजेमोनी) को प्रभाव स्पष्ट भ्कल्किन्छ।

कुराकानीका सिलसिलामा **विद्यालयमा यही भाषा बोल्नै पर्छ भन्ने कुनै नियम नभएमा साथी समूहमा कुन भाषा प्रयोग गर्ने थियौ** ? मेरो प्रश्नको उत्तरमा सबैले एकै स्वरमा भने : **नेपालीमा , कति सरहरू पनि नेपाली बोलेर पढाउनुहुन्छ , कम्युनिकेट गर्न हामीलाई नेपालीमै सजिलो हुन्छ** भन्ने जवाफ दिन्छन्। त्यसै माथि अर्का एकजनाले भन्छन् : **हामीलाई नेपाली बोल्दा बच्चाहरूदेखि डर लाग्छ (......) बच्चाहरूले सुने भने प्रिन्सिपिल सरलाई भनिदिन्छन्**। यसरी हेर्दा सहज रूपमा सञ्चार गर्ने कार्यमा उनीहरूले विद्यालयको भाषिक वातावरणबाट असहज अनुभव गरेका रहेछन् भन्ने स्पष्ट हुन्छ। यसका साथै उनीहरूका मातृभाषा माथि नेपाली भाषाको जस्तो आधिपत्य (हेजेमोनी) छ, विद्यालयमा अन्तर्भाषिक पृष्ठभूमिका वक्ताहरू बीच समपर्कको साझा नेपाली भाषामाथि अँग्रेजी भाषाको प्राधान्य वा हेजेमोनी कायम रहेको स्पष्ट हुन्छ।

**शिक्षकको व्यावहार तथा विद्यालयको परिवेश :**

*विद्यार्थीहरू शिक्षकलाई आफ्ना मनमा लागेका कुरा खुलस्तसँग राख्न डराउँछन् । एउटा अलग्गै विशेष सत्ताका रूपमा शिक्षक र विद्यालयलाई बुझ्नु पर्ने परिस्थितिले सिकाइलाई रमाइलो र सहज नबनाई जटील र दवावपूर्ण बनाएको रहेछ भन्ने मेरो बुझाइ रह्यो ।*

मैले नेपाली शिक्षकले गर्ने ब्यवहारबाट भोग्नु परेका अनुभवबारे पनि बुझ्ने प्रयास गरेँ । तिमीहरूले नेपाली उच्चारण गर्दा शिक्षकले कस्तो प्रतिक्रिया जनाउनु हुन्छ ? भन्ने मेरो प्रश्नको उत्तरमा **सरले सिकाउनु हन्छ तर सरको कक्षा कन्ट्रोल हुदैँन** भन्ने जवाफ दिन्छन्। के गऱ्यो भने कक्षा कन्ट्रोल हुन्छ त भन्ने मैले गरेको प्रश्नमा **सर अलि स्ट्रिक हुनुपर्छ , हँसाउने टाइममा हँसाउने ,पढाउने टाईममा पढाउने होस् न क्या क्लास त** भन्ने जवाफ दिन्छन्।

**नेपालीमा राम्रो पढ्न, लेख्न, बुझ्नसक्ने हुन कस्तो वातावरण चाहन्छौ** ? भन्ने मेरो सोधाइमा उनीहरुको जवाफ छ : **एक्स्ट्रा एक्टिभिटिज होस् , पढाइमा मात्र नभएर कम्पिटिसनमा पनि ध्यान पुगोस्**। मैले फरी सोधेँ : **गृहकार्य धेरै भयो भने कुन विषयलाई प्राथमिकता दिन्छौ** ? उनीहरु भन्छन् : **साह्रै गाह्रो छ , जसरी पनि होमवर्क त गरेर ल्याउनै पर्छ। आज धेरै होमवर्क छ पालोले दिनुहोस् भनेर अनुरोध गर्दैनौ** ? भन्ने मेरो प्रश्नको उत्तरमा एकजनाले भने : **त्यसो त भन्दैनौँ**। अर्को जना थप्छन् : **भन्ने अधिकारै छैन**। अर्को जना फेरी भन्छन् : **भन्नै सकिन्न , विद्यार्थी सङ्ख्या पनि थोरै छ त्यसैले भन्नै सकिन्न**।

यो सम्वादले के स्पष्ट पार्छ भने उनीहरू शिक्षकलाई आफ्ना मनमा लागेका कुरा खुलस्त सँग राख्न डराउँछन्। एउटा अलग्गै विशेष सत्ताका रूपमा शिक्षक र विद्यालयलाई बुझ्नु पर्ने यो परिस्थितिले सिकाइलाई रमाइलो र सहज नबनाई जटील र दवावपूर्ण बनाएको रहेछ भन्ने मेरो बुझाइ रह्यो। **तिमीहरूको यस्तो चाहना म विषय शिक्षक र प्रिन्सिपललाई सुनाइ दिऊँ त** ? भनेर मैले सोधेँ , उनीहरूले त्यसमा असहमति जनाएर भने : **सरले मसँग खुलेर कुरा गर म कसैलाई भन्दिन भनेकाले पो हामीले सबै कुरा भनेको त , भन्नु भयो भने त धोका भैहाल्यो नि**। सहभागीहरूको यस भनाइले विद्यालयमा पाएको वातावरणबाट उनीहरू दवाव र केही असहजताको अनुभव गरिरहेका रहेछन् भन्ने स्पष्ट हुन्छ।

कुराकानीको अन्त्यमा आइपुग्दा अन्तिम प्रश्नको रूपमा म सोध्छु : **नेपाली भाषा पढ्नै नपरे हुन्थ्यो जस्तो लाग्छ कसैलाई** ? उनीहरूमध्ये एक भन्छन् : **नेपाली भएर नेपाली भाषा त पढ्नै पऱ्यो नि**। अर्को एक जना

थप्छन् : **आफ्नो देशको राष्ट्रभाषा त पढ्नै पर्छ नि , राम्रै लाग्छ**। यसरी हेर्दा उनीहरूलाई यस भाषाको महत्त्व पनि राम्रैसँग बोध छ भन्ने मलाई लाग्यो । अन्त्यमा मसँग  खुलस्त रूपमा प्रस्तुत भएकोमा सहभागीलाई धन्यवाद दिएँ र समय समयमा भेटघाट गर्ने बाचासहित कुराकानी टुङ्ग्याएर बिदा भएँ।

## निष्कर्ष

हाम्रा विद्यालयहरूमा विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरू एकै कक्षामा बसेर पढ्छन्। नेपाली भाषा सिकाइका क्रममा आफ्नो भाषिक पृष्ठभूमि अनुसार उनीहरूले फरकफरक खालका कठिनाइको सामना गरिरहेका हुन्छन्। आफूले सामना गर्नुपरेका समस्या खुल्लाखुलस्त रूपमा शिक्षक तथा सहपाठी बीच छलफल गर्न सक्ने वातावरण पाएमा कठिनाइलाई कम गरी सिकाइलाई प्रभावकारी बनाउन सकिने रहेछ । आज विद्यार्थीलाई आफ्नो मातृभाषामा आफ्ना भावना अभिव्यक्त गर्न सहज रहेछ तर समाजमा बहुप्रचलनमा आएको भाषाको प्राधान्यले आफ्नो भाषा प्रायोग गर्दा हीनता अनुभव गरिरहेका हुदारहेछन्। यो प्राधान्यवादकै प्रभाव हो। विभिन्न मातृभाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरू साझा सम्पर्क भाषाको रूपमा नेपाली भाषालाई प्रयोग गर्दछन् र यसलाई सहजै रूपमा प्रयोग गर्दा रहेछन् तर विद्यालयले तोकेको माध्यम भाषा अँग्रेजी प्रयोग गर्नै पर्ने भएकाले त्यहाँ पनि केही असहज महसुस गरेका रहेछन् र विद्यालयले प्राथमिकता दिएको भाषाको प्राधान्यताको अधीनमा रहनुपरेको अनुभव पनि विद्यार्थीहरूमा रहेछ । आफूले कठिनाइ महसुस गरिरहेको स्थिति विषय शिक्षक र प्रधानाध्यापक सँग व्यक्त गर्न डरको अनुभव गरिरहेका रहेछन् तसर्थ बालमैत्री शैक्षिक तथा भाषिक वातावरण निर्माण गर्न ध्यान दिनु पर्ने देखियो। मातृभाषामा सहज अभिव्यक्ति , नेपाली भाषा प्रति सम्मान भाव तथा अँग्रेजी भाषाको पनि आवश्यकता वोध विद्यार्थीमा एक साथ रहेको पाइयो । परिस्थिति र आवश्यकता अनुरूप भाषाशिक्षण गर्नुपर्ने र यसमा बालकको मनोवैज्ञानिक पक्षको पनि ख्याल गर्नुपर्ने देखियो । प्रस्तुत लेख विद्यार्थीको अनुभवलाई केन्द्रमा राखेर तयार पारिएको छ । बहुभाषिक पृष्ठभूमिका विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गर्दा नेपाली भाषा शिक्षकले कस्तो अनुभव गरेका छन् भन्ने समस्यामा केन्द्रित भई थप अध्ययन गर्न सकिन्छ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०५६) *समाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार।

आचार्य, माधव र गौतम रामप्रसाद (२०६३) *सामाजिक तथा मनोभाषविज्ञान,* दीक्षान्त प्रकाशन।

उप्रेती, सञ्जीव (२०५९) *सिद्धान्तका कुरा,* अक्षर क्रिएसन।

खनाल, पेशल (२०७३) *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेशन।

भट्टराई, गोविन्दराज (२०६९), स*मयबोध र उत्तर आधुनिकता,* ओरियन्टल पब्लिकेशन।

पोखेल,माधव र राई, नोवलकिशोर (२०६५) *नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषानीति,* नेपाल एसियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुर।

गिरी, अमर (२०७४) *भूमण्डलीकरण र साहित्य,* भृकुटी एकेडेमिक पब्लिकेसन्स।

नेपालको संविधान २०७२

भण्डारी, पारसमणि र पौड्याल, माधवप्रसाद (२०६८) सामाजिक तथा मनोभाषाविज्ञान, विद्यार्थी पूस्तक भण्डार।